# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः ०८ मई २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले अहिलेको स्थितिमा सरकारी अधिकारीहरूको बिदा रद्द गरिएको घोषणा गर्नु भएको छ|

२. पाकिस्तानले भारतको कतिपय स्थानहरुमा हवाई हमला गर्ने प्रयास गरेपछि उत्तर बंगाल (चिकन नेक) मा सुरक्षा व्यवस्था कडा गर्दै उच्च सतर्कता अपनाइएको छ|

३. सिविटार चियाबारीमा नवनिर्मित साङ्गे टाँशी छयोलिङ्ग गुम्बाको गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाले उद्धाटन गर्नु भएको छ।

४. तीनधारे महानदी समष्टिको नरबुङ चियाबारी निवासी प्रगति प्रधान एमबीबीएस डाक्टर बनेकी छन्।

५. रेड क्रस सोसाइटी खरसाङको आयोजनामा खरसाङमा वर्ल्ड रेड क्रस डे पालनसहित आजीवन वरिष्ठ सदस्य सदस्याहरुलाई सम्मान जनाइएको छ।

**मुख्यमन्त्री ममता ब्यानर्जी - बिदा रद्द**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले सरकारी अधिकारीहरूको बिदा रद्द गरिएको घोषणा गर्नु भएको छ| मुख्यमन्त्री ममता बनर्जीले आफ्नो प्रशासनलाई सतर्क गराउनु हुँदै अपरेशन सिन्दूर अनि भारत र पाकिस्तानबीच बढ्दो तनावलाई ध्यानमा राख्दै उनीहरूको बिदा रद्द गर्नु भएको छ। मुख्यमन्त्रीले अर्को सूचना नभएसम्म सबै अधिकारी र कर्मचारीहरूको बिदा रद्द गर्नु भएको छ।उहाँले जोड दिनु भयो, "हामी आतंकवाद विरुद्ध काँधमा काँध मिलाएर लड्नेछौं, आज प्रमुख अधिकारीहरूको बैठक भएको छ।उहाँले भन्नु भयो, "यस विषयमा हामीबीच मतभेद हुनु हुँदैन। पुलिसलाई सतर्क गराइएको छ। जिल्ला अधिकारीहरूलाई सतर्क गराइएको छ। सबै बिदा रद्द गरिएको छ। मुख्यमन्त्रीले गर्मी बिदाका कारण सरकारी विद्यालयहरू बन्द रहेको र निजी विद्यालयहरूलाई पनि गर्मी बिदा घोषणा गर्न अनुरोध गर्नु भयो।

उहाँले भन्नु भयो, "म निजी विद्यालयहरूलाई पनि बिदा घोषणा गर्न अनुरोध गर्छु। म कुनै दिशानिर्देश जारी गर्दिन। यो अनुरोध हो।उहाँले भन्नु भयो, आपदा प्रबन्धन विभागलाई सतर्क गराइएको छ। नियन्त्रण कक्षहरू, विशेष गरी उत्तर बंगालमा २४ घण्टा खुला रहनेछन्। उहाँले थप्नु भयो, हाम्रो कृषि बजार विभागले भोलि बैठक गर्नेछ ताकि व्यापारीहरूले परिस्थितिको फाइदा उठाउँदै मूल्य वृद्धि नगरून्।मुख्यमन्त्री बनर्जीले बंगालले राष्ट्रको लागि "सधैं त्याग" गरेको बताउनु भयो। उहाँले अझ भन्नु भयो, बंगालको अन्य देशहरूसँग सीमा जोडिएको हुनाले हामी सतर्क रहनुपर्छ। मुख्यमन्त्री बनर्जीले सचिवालय नबन्नामा प्रमुख राज्य र केन्द्रीय एजेन्सी अधिकारीहरूसँग बैठक गर्नु भएको छ।

**'सिलगढ़ी करिडोर' वा 'चिकन नेक'- सुरक्षा**

पाकिस्तानको कब्जामा रहेको कश्मीर र पाकिस्तानको सीमामा अवस्थित नौवटा आतंकवादी ठेगानाहरूमा भारतीय सेनाको मिसाइल स्ट्राइकपछि हाई अलर्ट जारी गरिएको छ। ‘अपरेशन सिन्दूर’-रूपी यस जवाफी आक्रमणपछि एकपटक फेरि

देशका सुरक्षा एजेन्सीहरूको नजर उत्तर बंगालको ‘चिकन नेक’ क्षेत्रमाथि केन्द्रित भएको छ जसलाई सामरिक दृष्टिकोणले भारतको सबैभन्दा संवेदनशील भौगोलिक कमजोरी मानिन्छ।
उत्तर बंगालको सिलगढ़ीस्थित यो संकीर्ण गल्लीलाई 'सिलगढ़ी करिडोर' वा 'चिकन नेक'- को नामले चिनिन्छ। यो भारतको मुख्य भू-भागलाई उत्तर-पूर्वका सातवटा राज्यहरूसित जोड्दछ। सबैभन्दा संकीर्ण भागमा यसको चौड़ाई मात्र 20 किलोमीटर छ। यस गल्लीको विशेषता यो पनि हो कि यो नेपाल, भुटान र बंगलादेश तीनैवटा देशका सीमाहरूसित गाँसिएको छ। विशेषज्ञहरू अनुसार यही त्यो क्षेत्र हो जसलाई लक्षित गरेर भारतलाई रणनीतिक रूपमा टुक्राउने षड़यन्त्र रचिन्छ।सुरक्षा विश्लेषकहरूको मान्यता छ, युद्धको स्थितिमा पाकिस्तानले चीनसित मिलेर यस क्षेत्रलाई लक्षित गर्नसक्छ। त्यसैले ‘अपरेशन सिन्दूर’-पछि यहाँ सतर्कता अझ बढ़ाइएको छ। गृह मन्त्रालयको सूत्र अनुसार सीमामा मादक पदार्थ, हतियार तथा जाली नोटहरूको तस्करीलाई रोक्नको लागि पहिलाबाटै विशेष नजर राखिँदैछ, तर अब यस निगरानीलाई अझ कड़ा बनाइएको छ। सीमा व्याप्त कमजोरीहरूको फाइदा उठाउँदै आतंकवादीहरूले अनुप्रवेश गर्न सक्ने आशंकालाई मध्यनजर गर्दै अतिरिक्त सुरक्षा बललाई तैनाथ गरिँदैछ।

## उत्तर बंगालका सुरक्षा व्यवस्था

पहलगाममा भारतीय सेनामाथि भएको जघन्य आतंकवादी आक्रमणको भारतले गतिलो जवाफ दिएको छ। आक्रमण भएको 15 दिनभित्रै भारतीय सेनाले पाकिस्तान तथा पाकिस्तान अधिकृत कश्मीरमा अवस्थित नौवटा आतंकवादी ठेगानाहरूलाई मिसाइल आक्रमणमा ध्वस्त बनाइदियो।
यस जवाफी कारबाहीपछि उत्तर बंगालका भारत-बंगलादेश सीमामा पनि सुरक्षा व्यवस्थालाई अझ सुदृढ़ बनाइएको छ। सीमा सुरक्षा बल (बीएसएफ)-ले अब पहिलाभन्दा अधिक सतर्कता अप्नाइरहेको छ तथा जवानहरूको तैनाथीलाई पनि बढ़ाइदिएको छ। उत्तर बंगालको 936 किलोमीटर लामो अन्तर्राष्ट्रिय सीमा बंगलादेश बाहेक नेपाल र भुटानसित पनि सीमाना जोड़िएको छ। यी क्षेत्रहरूमा पहिलाबाटै सुरक्षा बढ़ाइएको थियो भने अब हरेक गतिविधिमाथि कड़ा नजर राखिरहेको छ। इण्डो-नेपाल सीमा नजिक एसएसबीको तैनाथीमा वृद्धि गरिएको छ। विशेष गरी पानीट्यांकी र 'चिकेन नेक' जस्ता संवेदनशील क्षेत्रहरूमा। कुचबिहार जिल्लामा लगभग 157 किलोमीटर लामो सीमा बंगलादेशसित जोड़िएको छ जहाँको लगभग 40 किलोमीटर क्षेत्रमा अहिले पनि काँड़ेतारले बारिएको छैन। यी क्षेत्रहरूमा बीएसएफको गस्ती तथा जवानहरूको संख्यालाई दुई गुणा बनाइएको छ। जलपाईगुड़ी जिल्लाको फूलबाड़ी सीमा क्षेत्रमा पनि सतर्कता बढ़ाइएको छ। उत्तर दिनाजपुर जिल्लामा भारत-बंगलादेश सीमाको लम्बाई लगभग 227 किलोमीटर लामो छ। चोपड़ा ब्लकको लक्ष्मीपुर, घिरनि गाउँ, दासपाड़ा औ हफ्तियागञ्ज पञ्चायतहरू सहित गोआलपोखर-1 ब्लकको साहापुर-1 पञ्चायतमा श्रीपुर सीमा र फुलबाड़ी बीओपी जस्ता क्षेत्रहरू पनि निगरानीमा परेका छन्। करनदिघी अनि रायगञ्ज ब्लकका सीमाहरूमा जवानहरूको संख्या बढ़ाइएको छ। यी सीमावर्ती क्षेत्रहरूमा हजारौं भारतीय नागरिकहरू बसोबास गर्दछन्। सीमा पारी भारतीय भू-भागमा लगभग 30 हजार बिघा कृषि भूमि छ जहाँका किसानहरू दिनहुँ सीमा गेट पार गरेर खेती गर्न जान्छन्। बीएसएफले अब यिनीहरूको आवागमनमा पनि कडा निगरानी राखिरहेको छ।

## सूचना और प्रसारण - पाकिस्तानी सामग्री

सरकारले ओटीटी र मीडिया स्ट्रिमिङ प्लेटफर्महरूलाई पाकिस्तानको वेब-सीरीज,, फिल्म र अन्य सामग्रीहरुलाई तत्काल प्रभावबाट हटाउने निर्देश दिएको छ। सूचना तथा प्रसारण मंत्रालयले पहलगाम आतंकी हमलाको मद्देनजर राष्ट्रीय सुरक्षा हित ध्यानमा राख्दै यस बारेमा परामर्श जारी गरेको छ।मन्त्रालयले यी प्लेटफर्महरूलाई पाकिस्तानको वेब-सीरीज, फिल्म, गीत, पोडकास्ट र अन्य मीडिया सामग्री स्ट्रीमिंगलाई रोक्न सल्लाह दिएको छ। यो सामग्री सब्सक्रिप्शन -आधारित मोडेलमा उपलब्ध छ वा छैन, दुवै स्थितिमा हटाउनु पर्नेछ।

## भूतपूर्व सैन्य-दार्जीलिङ

दार्जीलिंग पहाड्का भूतपूर्व सैन्य अधिकारीहरुले भारतीय सेनाले गरेको सैन्य कारवाही सिन्दुरको सराहना गर्दै प्रधानमंत्री नरेन्द्र मोदी ,गृहमंत्री अमित शाह ,रक्षामंत्री राजनाथ सिंहले सेनालाई आतंकवाद विरुद्धको कारबाही गर्न खुल्ला छुट दिनुभएको एउटा साहसीक कदम हो भनी बताएका छन्|सिलगढ़ी निवासी कर्णल प्रशान्त कुमार शर्माले भन्नुहुन्छ- बाइट
सिलगढ़ीका एक प्रमुख समाजसेवी राजेन सुवेदीले सैन्य कारबाही तथा भारत सरकारलाई बधाई दिँदै भन्नुभएको छ -बाइट

## कार्यवाहीलाई स्वागत

भारतीय सेनाले अपरेसन सिन्दुर अन्तर्गत आंतकवादीहरु बिरुद्ध गरिएको कार्यवाहीलाई स्वागत गर्दै पुर्व सैनिक संगठन रिम्बिकले प्रतिक्रिया दिएको छ। संगठनको पक्षबाट संगठनका प्रतिनिधिहरुले पहलगाम हमलाको बदला लिन सकेकोमा भारत सरकार अनि भारतीय सेनाको प्रशंसा गरेका छन्। उहाँहरुले बताए अनुसार पहलगाम हमलापछि संगठनले बिरोध रैली निकालेर आतंकवादीहरुमाथि कार्यवाहीको माग राखेका थिए। यस अवसरमा संगठनका अध्यक्ष धनकुमार राईले प्रधानमन्त्री नरेन्द्र मोदी अनि भारतीय सेनाप्रति आभार प्रकट गर्दै भारतले आतंकवादलाई सहन नगर्ने स्पष्ट पारेको बताउनु भएको छ। अर्कोतिर संगठनका सचिव धनबहादुर प्रधानले भारतीय सेनाको पराक्रमको गाथा गाउँदै भारतले आतंकवादीहरुलाई लिएर स्पष्ट निति तय गरिसकेको बताउनु भयो। यसका साथै अपरेसनलाई सफल बनाउन योगदान दिएका भारतीय सेनाका वीरहरुप्रति उहाँले नमन गर्नु भएको छ।

## गुम्बा उद्घाटन - अनित थापा

खरसाङ खण्डको महानदी ग्राम पञ्चायत अन्तर्गत सिविटार चियाबारीमा नवनिर्मित साङ्गे टाँशी छ्योलिङ्ग गुम्बाको गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाले उद्घाटन गर्नु भएको छ। सन् 2023 मा सिविटारमा स्थापना गरिएको साङ्गे टाँशी छ्योलिङ्ग गुम्बा श्री अनित थापाको सहयोगमा सन् 2024 देखि निर्माण कार्य शुरु गरिएको थियो भने यस गुम्बाको आज उद्घाटन गरिएको छ। सिविटारमा नवनिर्मित गुम्बाको उद्घाटनका लागि सिविटार आइपुगेका जीटीए प्रमुख एवं भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका संस्थापक अध्यक्ष अनित थापालाई स्थानीयहरु र पार्टी कार्यकर्ताहरुले स्वागत जनाएका थिए। प्रमुख कार्यपाल अनित थापाको विशेष उपस्थितिमा महानदी ग्राम पञ्चायतकी उप प्रधान सोनिका तामाङ र महानदी ग्राम पञ्चायतका पञ्चायत प्रधान पासाङ शेर्पाको बाहुलीबाट विधिवत नवनिर्मित गुम्बाको उद्घाटन गरियो। गुम्बा उद्घाटन कार्यक्रमको अध्यक्षता महानदी ग्राम पञ्चायतको पञ्चायत प्रधान पासाङ शेर्पाले गर्नु भएको थियो भने श्री अनित थापा प्रमुख अतिथिको रुपमा उपस्थित हुनुहुन्थ्यो। विशिष्ट अतिथिहरुमा तीनधारे महानदी समष्टिका सभासद नवराज छेत्री लगायत अन्यहरु उपस्थित रहेका थिए। कार्यक्रममा जीटीए प्रमुख अनित थापालाई गुम्बा सञ्चालन समितिको तर्फबाट सम्मान जनाइएको छ।

## डाक्टर बनिन् प्रगति प्रधान

खरसाङको तीनधारे महानदी समष्टिको नरबुङ चियाबारी निवासी प्रगति प्रधान डाक्टर बनेकी छन्। उनले सन् 2019 मा निटमा 600 अंक ल्याएर कोलकोताको निल रत्न सरकार कलेज अनि हस्पिटलमा प्रवेश लिएर आज आफ्नो डाक्टरको कोर्स अनि इन्टर्न समाप्त गरेपछि डाक्टरको उपाधि पाउन सफल बनेकी छन्। तीनधारे महानदी समष्टिको शिवखोला ग्राम पञ्चायत अन्तर्गत नरबुङ चियाबारी निवासी पिता देवप्रसाद प्रधान र माता शिबानी प्रधानकी सुपुत्री प्रगति प्रधानले 2019-25 को ब्याचमा आफ्नो एमबीबीएस पूरा गरेर डाक्टर बनेकी छन्। उनले आज 8 मईको दिन कोलकातामा भएको दीक्षान्त समारोहमा आफ्ना माता पिताको उपस्थितिमा डाक्टरको उपाधि प्राप्त गरेर आफ्नो परिवार साथै गाउँ समाज र सम्पूर्ण पहाड र आफ्नो जातिलाई नै गौरवान्वित तुल्याएकी छन्।आफ्नी छोरीको सफलतामा पिता देवप्रसाद प्रधानले अभिभावकको रुपमा आफूहरु धेरै खुशी रहेको र गर्वित बनेको बताउनु भएको छ। उहाँले एकजना चियाबारीकी छोरीले डाक्टर बनेर आफ्नो परिवार मात्रै होइन, तर गाउँ समाज र सम्पूर्ण तीनधारे महानदी समष्टि क्षेत्रलाई नै गौरवान्वित तुल्याएकी बताउनु भएको छ। श्री प्रधानले समाजमा शिक्षाको खेती गरिनुपर्छ भन्ने भनाई अहिले आएर सफल बनेको र अभिभावकलाई छोरीले गौरवान्वित तुल्याएको बताउनु भएको छ।

## वर्ल्ड रेड क्रस डे पालन

रेड क्रस सोसाइटी खरसाङको आयोजनामा आज खरसाङ महकुमा अस्पतालमा वर्ल्ड रेड क्रस डे पालन गरियो। यस अवसरमा विशिष्ट व्यक्तिहरूलाई सम्मान जनाइयो। खरसाङ रेड क्रस सोसाइटीको आयोजनामा खरसाङको महकुमा अस्पतालमा वर्ल्ड रेड क्रस डेको अवसरमा हेनरी डनेटको जन्म जयन्ती पालन गरियो। खरसाङ रेड क्रस सोसाइटीको आयोजनामा प्रत्येक वर्ष वर्ल्ड रेड क्रस डे पालन गर्दै सामाजिक क्षेत्रमा विशिष्ट योगदान दिने व्यक्तिहरुलाई सम्मान जनाउने कार्य गर्दै आइरहेको छ। यसपाली पनि वर्ल्ड रेड क्रस डेको अवसरमा रेड क्रस सोसाइटी खरसाङका वरिष्ठ आजीवन सदस्य सदस्याहरुलाई सम्मान जनाइयो। यसपाली रेड क्रस सोसाइटीको तर्फबाट आजीवन वरिष्ठ सदस्य सदस्याहरु डा रुमी मण्डल, डा एके बारुई, पूर्व भाइस चेयरम्यान अल्का दे,

समाजसेवी टीटी लामा, सोनु पाख्रिन, डीके प्रधानलाई सम्मान जनाइएको छ। यस सम्मान कार्यक्रममा विशिष्ट अतिथिको रुपमा खरसाङ नगरपालिकाका चेयरम्यान ब्रिगेन गुरुङ, भाइस चेयरम्यान सुवास प्रधान, सभासदहरु श्याम शेर्पा र नुरी शेर्पा लगायत अन्यहरु उपस्थित रहेका थिए। यस कार्यक्रममा स्कट मिशन विद्यालयका विद्यार्थीहरु पनि उपस्थित रहेको जानकारी बिजय सिञ्चुरीले दिनु भएको छ।

****** ० ******